# एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको

समूह सञ्चालन सम्बन्धी कार्यविधि २०६८ (सन् २०११)*

**एम्नेस्टी इन्टरनेसनल** नेपाल

## पृष्ठभूमि

एम्नेस्टी इन्टरनेसनलको अभियानलाई सशक्त र प्रभावकारी बनाउन यसमा आबद्ध समूहहरुको भूमिका महत्वपूर्ण हुने भएकाले ए.आई. नेपाल शाखामा आवद्ध समूह एवं निर्माणाधीन समूहका गतिविधिलाई थप व्यवस्थित, प्रभावकारी र परिणाममूखी बनाउन एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको नेशनल बोर्ड नियमावली २०६२ (सन् २००५)को अधिनमा रहि कार्य विधि २०६८ (सन् २०११)' *परिवर्तित नियमावली २०७३ (२०१६)* को परिच्छेद २ को नियम ३ (ज) को अधिकार प्रयोग गरी एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको समूह सञ्चालन सम्बन्धी नियमावली २०६२ (सन् २००५) को अधीनमा रही 'एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको समूह सञ्चालन सम्बन्धी दोस्रो संशोधन २०६७ (सन् २०११) रहनेछ र तेस्रो संसोधन २०७३ (सन् २०१६)' बनाई लागु गरिएको छ ।

## परिच्छेद १
## नाम र प्रारम्भ

१. यो कार्य विधिको नाम 'एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको समूह सञ्चालन सम्बन्धी कार्यविधि २०६८ (सन् २०११)' तेस्रो संशोधन २०७३ (सन् २०१६)' रहने छ ।

२. यो कार्यविधि एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको नेशनल बोर्डबाट पारित भएपछि लागु हुनेछ ।

## परिच्छेद २
## परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा
१. 'ए.आई.' भन्नाले एम्नेस्टी इन्टरनेसनललाई जनाउने छ ।
२. 'नियमावली' भन्नाले ए.आई. नेपाल शाखाको विधान बमोजिम निर्मित विभिन्न नियमावलीलाई जनाउने छ ।
३. 'राष्ट्रिय सचिवालय' भन्नाले ए.आई. नेपाल शाखाको राष्ट्रिय सचिवालयलाई जनाउने छ ।
४. 'कार्यविधि' भन्नाले ए.आई. नेपाल शाखाको समूह सञ्चालन सम्बन्धी कार्य विधि २०६८ (सन् २०११) तेस्रो संशोधन २०७३ (सन् २०१६)' लाई जनाउने छ ।

## परिच्छेद ३
## समूह निर्माण

**(क) निर्माणाधिन समूहको गठन प्रक्रिया**
१. सर्वप्रथम ए.आई.को आदर्श, सिद्धान्त र कार्यादेशप्रति प्रतिवद्ध व्यक्तिहरुले सदस्यताका लागि फारम भर्नु पर्ने,
२. न्यूनतम ५० जना व्यक्तिको सदस्यता फारम, तोकिएको शुल्कसहित ए.आई. नेपालमा निवेदन दर्ता गर्नु पर्ने,
३. सकभर समूह निर्माण गर्न लागिएको जिल्लामा अर्को समूह नभएको हुनु पर्ने, तर त्यस्ता जिल्लाका हकमा पनि विशेष समूह (विशेषतः महिला, व्यावसायिक समूह आदि) का लागि भने आवेदन दिन सकिने,
४. कम्तिमा पनि समूह रहने स्थानमा प्रत्यक्ष यातायात सुविधा भएको, टेलिफोन, फ्याक्स, इन्टरनेट आदि सञ्चार सुविधा सर्वसुलभ भएको हुनु पर्ने ।

* *२५औं वार्षिक साधारणसभाले गरेको संशोधन समाविष्ट*

५. समूह खोल्ने समयमा जुन स्थानमा ठेगाना रहने भनेर समूहलाई मान्यता दिइएको हो, सोही स्थानमा समूह रहनु पर्नेछ । यसो भए नभएको सम्बन्धमा नेशनल बोर्डले अनुगमन गर्नु पर्नेछ र नभएमा सम्बन्धित स्थानमै मुकाम रहने गरी सञ्चालनको व्यवस्था मिलाउनु पर्नेछ ।
६. विशेष (व्यवासायिक वा महिला समूह) को हकमा जुन विशेष समूहको रुपमा आवद्धताको मान्यता लिइएको हो, सोही अनुरुप हुने गरी सदस्यता रहने र समूह सञ्चालन गर्ने व्यवस्था मिलाउनु पर्ने । यसो भए नभएको सम्बन्धमा राकासले अनुगमन गर्नु पर्नेछ र नभएमा सम्बन्धित विशेष समूह रहने गरी व्यवस्था मिलाउनु पर्नेछ ।
७. समूह सञ्चालन गर्न स्वयंसेवी भाव भएको प्रतिवद्धता र आर्थिक स्रोत जुटाउन सक्ने सुनिश्चितता भएको हुनु पर्नेछ,

## परिच्छेद ४
## समूह सञ्चालन

**(क) समूहको साधारणसभा –**
१. समूह वा निर्माणाधिन समूहको वार्षिक साधारणसभा हरेक वर्ष बस्नु पर्नेछ,
२. समूहको साधारणसभा ए.आई. नेपालको साधारणसभा हुनुभन्दा कम्तिमा २ महिना अगाडि वा हरेक आर्थिक वर्षको पहिलो महिनामा गर्नु पर्नेछ,
३. समूह साधारणसभाका लागि सम्पूर्ण समूहगत साधारण सदस्यलाई साधारणसभाको एजेन्डासहित कम्तिमा ७ दिन अगाडि नै जानकारी दिनु पर्नेछ,
४. समूह साधारणसभा हुने मिति, स्थान र समयका बारेमा ए.आई. नेपाल, नेशनल बोर्डलाई १५ दिन अगावै जानकारी दिई नेशनल बोर्डले तोकेको प्रतिनिधिको उपस्थितिमा साधारणसभा सम्पन्न गर्नु पर्नेछ,
५. समूहहरुमा साधारणसभामार्फत् नयाँ कार्यसमिति निर्वाचित हुनासाथ कार्यसमितिका पदाधिकारीहरुलाई एम्नेष्टी इन्टरनेशनल र यसका अभियान, समूह एवं सदस्यहरुको काम, समूह व्यवस्थापन जस्ता विषयमा जानकारी गराउनु ए.आई. नेपाल नेशनल बोर्डको दायित्व हुनेछ । यस्तो जानकारी दिलाउने काम अन्यथा भएमा बाहेक समूहको साधारणसभामा उपस्थित नेशनल बोर्डले तोकेका प्रतिनिधिले गर्नेछन् ।
६. यसरी नेशनल बोर्डबाट निरुपीत सदस्यले समूहको साधारणसभा सञ्चालनमा आवश्यकीय सहयोग पुर्‍याउने छन् । साधारणसभा ए.आई. नेपालको विधान, समूह सञ्चालन नियमावली र नेशनल बोर्डबाट प्राप्त निर्देशन र कार्यविधिहरु अनुसार भए नभए वा नभएमा उक्त प्रावधान अनुरुप गर्ने व्यवस्था मिलाउन सघाउने जिम्मेवारी निरुपीत सदस्यको हुनेछ । समूह साधारणसभामा वार्षिक प्रतिवेदन, आर्थिक प्रतिवेदन, आगामी वर्षका लागि कार्य योजना, आगामी वर्षका लागि अनुमानित बजेट आदि लिखित रुपमा प्रस्तुत गर्नु पर्नेछ ।
७. विधानले तोके बमोजिम समूह रहिरहनका लागि आवश्यक न्युनतम सदस्य संख्या ५० जनाभन्दा कम रहेको अवस्थामा गरिएको साधारणसभा मान्य ठहरिने छैन ।
८. सम्बन्धित समूहको सदस्यता नरहेको व्यक्ति समूह कार्यसमितिमा रहन सक्ने छैन ।

**(ख) समूहको कार्य समिति–**
१. समूहको कार्य समिति बढीमा ११ सदस्यीय हुनु पर्नेछ ।
२. समूह कार्य समितिमा न्यूनतम पनि ३ जना महिला हुनु पर्नेछ र सकभर कार्यसमितिमा ३३ प्रतिशत महिला सहभागिताका लागि पहल गर्नु पर्नेछ ।
३. दुई वर्षमा अनिवार्य समूह कार्यसमितिको निर्वाचन गर्नु पर्नेछ,
४. समूहका कुनै पदाधिकारी र सदस्यहरु लगातार ६ वर्षभन्दा बढी समूह कार्य समितिमा रहन पाउने छैनन्,
५. संयोजक, उपसंयोजक, सचिव, सहसचिव र कोषाध्यक्ष पदमा एउटै व्यक्ति लगातार दुई कार्यकालभन्दा बढी रहन सक्ने छैन ।

**(ग) समूह र निर्माणाधिन समूहको काम, कर्तव्य र अधिकार–**
१. समूहले ए.आई.का अन्तर्राष्ट्रिय अभियानसँग सम्बन्धित न्यूनतम ३ वटा सार्वजनिक कार्यक्रमहरु अनिवार्य रुपमा सञ्चालन गर्नु,
२. सदस्यता वृद्धि र अर्थ संकलनमा जोड दिनु,।

३. सदस्यहरुको अभिलेख दुरुस्त राख्नु,
४. सदस्यहरुलाई समूहका गतिविधिबारे नियमित जानकारी दिनु,
५. ए.आई. नेपालबाट आएका र समूहबाट प्रेषित पत्रहरुको अभिलेख राख्नु,
६. आवश्यकता अनुसार विषयगत संयोजकहरु नियुक्त गर्नु,
७. वार्षिक कार्य योजना, गतिविधिको प्रतिवेदन, आर्थिक प्रतिवेदन र वार्षिक बजेट समूह साधारण सभामा प्रस्तुत गरी पारित भएपछि राष्ट्रिय सचिवालयमा बुझाउने,
८. समूहको सदस्यता, समूह कार्य समितिका निर्णयको प्रतिलिपि, समूह गतिविधि, आर्थिक विवरण तथा राष्ट्रिय सचिवालयबाट मागिएका अन्य जानकारीहरु ६-६ महिनामा सचिवालयमा बुझाउनु,
९. ए.आई. नेपालले सञ्चालन गरेका कार्यक्रहरुमा सहभागी हुनु,
१०. हरेक महिना समूह कार्य समितिको बैठक बस्नु पर्नेछ,
११. ए.आई. नेपालको साधारण सभामा सहभागी हुनु,
१२. समूह आबद्धताको मान्यता रहिरहन आवश्यक पर्ने शुल्क सचिवालयमा बुझाउनु,
१३. समूहको विनियम निर्माण गरी समूह साधारण सभाबाट पारित गराएर राकासमा अनुमोदनका लागि पेस गर्नु,
१४ सचिवालयबाट प्राप्त प्रकाशनहरु समूह सदस्यहरुलाई वितरण गर्नु,
१५. वित्तिय संस्थामार्फत् कारोवार हुन सम्भव भए आय व्यय समूहको नाममा खाता खोली सोही खाता मार्फत् सञ्चालन गर्नु पर्ने,
१६. ए.आई. को परिदृश्य, उदेश्य, [1]मूल आदर्श विपरीत कार्य गर्ने सदस्यलाई कारबाहीका लागि नेशनल बोर्डमा सिफारिस गर्नु,
१७. सदस्यता प्राप्त गरेको समूहबाट अन्य समूहमा सदस्यता परिवर्तन गर्न चाहने सदस्यलाई सिफारिस उपलब्ध गराउनु ।

**(घ) सदस्यता प्राप्ति र नवीकरण–**
१. सदस्यता प्राप्त गर्न तोकिएको ढाँचाको फारम भराउनु पर्नेछ,
२. सदस्यता प्राप्त गर्न तोकिए बमोजिम शुल्क लिनु पर्नेछ,
३. सदस्यता प्राप्त गर्न समूह कार्य समितिले तोकेको व्यक्तिले सफिारिस गर्नु पर्नेछ
४. समूहमा सदस्यता लिन चाहने कुनै व्यक्तिलाई बिना कारण सदस्यता नदिन पाइने छैन
५. पहिलो पटक सदस्यता लिँदा सदस्यता लिने व्यक्तिको सरकारी निकायबाट जारी भएको परिचय खुल्ने प्रमाण पत्रको प्रतिलिपि संलग्न गराउनु पर्नेछ,
६. राष्ट्रिय सचिवालयमा बुझाइएको सदस्यता फारम नेशनल बोर्डले तोकेको व्यक्तिको सिफारिसपछि मात्र सदस्यता प्राप्त गर्न योग्य हुनेछ,
७. सदस्यता शुल्क बाहेक समूह सहयोग शुल्क नेशनल बोर्डको अनुमति लिएर तोक्न सकिनेछ,
८. एक पटक समूहगत सदस्यता प्राप्त गरिसकेको सदस्यलाई बिना कुनै कारण नवीकरण रोक्न पाइने छैन,
९. सदस्यताको म्याद समाप्त भएको ६ महिनाभित्रमा नवीकरण गरिसक्नु पर्नेछ ।

**(ङ) समूहको खारेजी–**
निम्न मध्ये कुनै वा सबै अवस्थामा समूह खारेजी हुनेछ
१. ए.आई.को परिदृश्य, उद्देश्य, मूल आदर्श, कार्यादेश र विधान विपरीत कार्य गरेमा,
२. ए.आई.को अन्तर्राष्ट्रिय अभियानसँग सम्बन्धित कम्तीमा पनि ३ ओटा सार्वजनिक कार्यक्रम नगरेमा,
३. अविच्छिन्न रुपमा विधान र नियमावलीले तोके अनुरुपको न्यूनतम सदस्य संख्या कायम नभएमा,
४. विधान र नियमावलीले तोके बमोजिम समूहको वार्षिक साधारणसभा एवं २/२ वर्षमा नयाँ नेतृत्व चयन नगरेमा,
५. वर्षमा न्यूनतम ४ पटक समूह कार्यसमितिको बैठक नबसेमा
६. हरेक वर्ष समूह नवीकरण नगराएमा,
७. समूह कार्यसमितिको माइन्युटको प्रतिलिपि, वार्षिक प्रतिवेदन, आर्थिक प्रतिवेदन र वार्षिक कार्ययोजना समूह साधारणसभाबाट पारित गराई हरेक वर्ष राष्ट्रिय सचिवालयमा पेश नगरेमा
८. ए.आई. नेपालको विधान, नियमावली र कार्यविधिले तोके बमोजिमका अवस्थामा ।

[1] २५ औं साधारणसभामा थप गरिएको ।

♣ समाप्त ♣